Regd No. 192173/074/075

PAN No.: 304300875

# SINGATI HYDRO ENERGY LTD.

Darbarmarg, Kathmandu, Nepal

च. नं.: १०३
२०८०।०२।२३

मिति : २०८०/०२/२३

च.नं.

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,
युएनआई शान्ति मार्ग, भद्रकाली काठमाण्डौ ।

**विषय : वार्षिक साधारण सभाको जानकारी तथा शेयर दाखिल खारेज दर्ता कार्य बन्द (Book Close) गर्ने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस सिंगटी हाईड्रो इनर्जी लिमिटेडको मिति २०८०/०२/२२ गते सोमबार साँझ ५:०० बजे बसेको सञ्चालक समितिको ०७९/०८० को १५ औं बैठकको निर्णय अनुसार यस कम्पनीको बाह्रौं र तेह्रौं (पब्लिक लिमिटेड भए पश्चात् चौथो र पाँचौं) वार्षिक साधारण सभा मिति २०८०/०३/१३ गते बिहान ११:०० बजे धुम्रबराह भेन्यु, धुम्वाराही, काठमाण्डौमा बस्ने निर्णय भएको हुँदा सो को जानकारी साथै उक्त वार्षिक साधारण प्रयोजनका लागि मिति २०८०/०२/३१ बुधबारका दिन यस कम्पनीको शेयर दाखिल खारेज दर्ता कार्य बन्द ( **Book Close**) हुने भनी सोही मितिमा सञ्चालक समितिबाट भएको निर्णय बमोजिमको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भैसकेको हुँदा सो प्रकाशित सूचना समेत यसैसाथ संलग्न राखी सोही व्यहोराको जानकारी गराएको छु ।

भवदीय

..................
विष्णुप्रसाद रेग्मी
(कम्पनी सचिव)

बोधार्थ
श्री कम्पनी रजिष्ट्रारको कार्यालय,त्रिपुरेश्वर, काठमाण्डौ ।
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।
श्री मेगा क्यापिटल मार्केट्स लिमिटेड, त्रिपुरेश्वर काठमाण्डौ ।

P.O. Box : 5514 Kathmandu, Phone: +977-1-4229561, Fax: +977-1-4229562, E-mail: shehydro@gmail.com, www. singatihydro.com

# सिंगटी हाइड्रो इनर्जी लि.

का.म.न.पा वडा नं. १, काठमाण्डौ, फोन नं. ०१-४५४३२०२
Email: shehydro@gmail.com, web: www.singatihydro.com

को

## बाह्रौ र तेह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८०/०२/२३ गते)**

यस सिंगटी हाइड्रो इनर्जी लि. को मिति २०८०/०२/२२ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको बाह्रौं र तेह्रौं (पब्लिक लिमिटेड भए पश्चात् चौथो र पाँचौं) वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम सम्पूर्ण शेयरधनीहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०८० साल आषाढ १३ गते बुधबार

**समय** : विहानको ठीक ११ बजे ।

**स्थान** : धुम्रबराह भेन्यु, धुम्वाराही, काठमाण्डौ ।

**वार्षिक साधारण सभामा पेश हुने छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ को वार्षिक प्रतिवेदन/आर्थिक विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. कम्पनीका लेखापरीक्षकद्वारा पेश भएको आ.व.२०७७/७८ र २०७८/७९ का वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तीय विवरणहरू सहितको लेखा परीक्षण प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७९/८० का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. समुह (क) बाट ४ जना र समुह (ख) बाट २ जना सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्ताव :**

१. कम्पनीको रजिष्टर्ड कार्यालय परिवर्तन गर्नका लागि प्रबन्धपत्रको दफा २ र नियमावलीको नियम २ मा संशोधन गर्ने सम्बन्धमा ।
२. हकप्रद शेयर प्रयोजनका लागि कम्पनीको पूँजी वृद्धि गर्ने गरी प्रबन्धपत्रको दफा ६ को (क), (ख) र (ग) मा संशोधन गर्ने सम्वन्धमा ।
३. कम्पनीले १:१ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने सञ्चालक समितिको प्रस्तावित निर्णय बमोजिम विद्युत नियमन आयोगबाट सहमती प्राप्ती पश्चात् अनुमोदन तथा पारित गर्ने तथा संस्थापक शेयरधनीहरुबाट शेयर वापतको एडभान्स रकम उठाउने साथै नियमनकारी निकायहरुबाट कुनै संशोधन तथा निर्देशन भएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
४. कम्पनीको नियमावली तथा प्रबन्ध पत्रमा संशोधन र हकप्रद शेयर सम्बन्धी पारित प्रस्ताव नियमनकारी निकायहरुबाट स्वीकृत लिने क्रममा आवशयक थपघट वा परिमार्जन गर्नु परेमा सो कार्य गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
५. हकप्रद शेयर जारी गर्दा कुनै शेयरधनीले आफूले लिन पाउने हकप्रद शेयर लिने इच्छा नगरेमा हक हस्तान्तरण गर्न र सो वापतको रकम दाखिला गरी अर्को शेयरधनीले हकप्रद शेयर लिन पाउने सम्बन्धमा ।

**(ग) विविध :**

## साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. यस सिंगटी हाईड्रो इनर्जी लिमिटेडको बाह्रौं र तेह्रौं (पब्लिक लिमिटेड भए पश्चात् चौथो र पाँचौं) वार्षिक साधारण प्रयोजनका लागि मिति २०८०/०२/३१ बुधबारका दिन यस कम्पनीको शेयर दाखिल खारेज दर्ता कार्य बन्द (Book Close) रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०२/३० गते मंगलबारसम्म नेप्सेमा कारोबार भई प्रचलित कानून अनुसार तोकिएको समयावधि भित्रमा यस कम्पनीको शेयर रजिष्ट्रार मेगा क्यापिटल मार्केट्स लिमिटेड त्रिपुरेश्वर काठमाण्डौमा प्राप्त शेयर नामसारी विवरणको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र वार्षिक साधारण सभामा भाग लिन र मतदान गर्न पाउने छन् ।
२. वार्षिक साधारण सभामा भाग लिने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण वा फोटो सहितको परिचयपत्र अनिवार्य रुपमा साथमा लिई आउनुपर्नेछ ।
३. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी सम्बन्धी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै अर्थात् मिति २०८०/०२/११ गते बिहान ११ बजेभित्र कम्पनीको केन्द्रिय कार्यालय काठमाण्डौमा प्रतिनिधिपत्र (प्रोक्सी) दर्ता गराइसक्नु पर्नेछ । कम्पनीको शेयरधनी बाहेक अरुलाई प्रतिनिधिपत्र (प्रोक्सी) दिन पाइने छैन ।
४. शेयरधनी महानुभावहरुको उपस्थिति पुस्तिका साधारणसभा स्थलमा बिहान १०:०० बजेदेखि खुल्ला रहने छ ।
५. वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी वा साधारण सभामा पेश हुने विवरणहरु सम्बन्धमा कुनै जानकारी आवश्यक भएमा कम्पनीको वेभसाइट www.singatihydro.com बाट वा कार्यालय समयभित्र कम्पनीको केन्द्रिय कार्यालयको टेलिफोन नं. ०१-४५४३२०२ र ४५४३२०३ बाट प्राप्त गर्न सक्नु हुनेछ ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**